# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा CNI को अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले फागुन ३ गते काठमाडौंमा नेपाल चेम्बर अफ कमर्सद्वारा आयोजित व्यवसाय संचालनका विद्यमान चुनौति तथा बैंकिङ क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्था वित्तीय मध्यस्थकर्ता भएको स्मरण गराउँदै यस क्षेत्र समस्यामा आए सरकारले नै टेकओभर गर्ने गरेको बताए । जनताबाट उठाएको निक्षेपलाई सुरक्षा दिनु बैंक तथा वित्तीय संस्थाको दायित्व हो भन्नु भयो।

नेपाल पूर्ण रुपमा परनिर्भर भएको र भ्यालेन्टाइन डेमा पनि भारतबाट रातो गुलाबका फुल आयात गर्नु परेको प्रसंग उल्लेख गर्दै सरकारले ६.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न १० खर्बको बजेट ल्याए पनि खर्च नभएको गभर्नर डा. नेपालले बताउनु भयो ।

संसारमा जस्तोसुकै संकट आए पनि परामर्शदाताको आम्दानी नघटेजस्तै अरू व्यापार व्यवसायमा घाटा लागे पनि बैंकको नाफा घट्दैन । बैकिङ क्षेत्रको नाफा अरू व्यवसायको नाफाभन्दा फरक छ भन्नु हुँदै पैसा र मुभमेन्ट सरल र सहज होस्, लगानीको वातावरण बनोस्, पारदर्शिता बढोस् भन्ने राष्ट्र बैंकको चाहना हुन्छ । एउटा बैंक तथा वित्तीय संस्थामा समस्या आउँदा त्यसको जिम्मेवारी सरकारले लिनु पर्ने, तपाईको व्यक्तिगत व्यवसाय बिग्रियो भने सरकारले दायित्व नलिने, त्यस कारण सबैले बैंकसँग ऋण लिने बेलामा विचार गर्नु पर्छ । ऋण लिँदा चाही आनन्दले सिइओसँग हात मिलाएर ८-१० पानाको ऋण सम्झौतामा एउटा बुँदा पनि नपढी हस्ताक्षर गर्ने र साँझ टोस्ट चियर्स गर्ने प्रवृत्ति छ । पछि बैंकले आफू अनुकूल भएको बेला ऋणको व्याज बढायो भने राष्ट्र बैंक गुहार्ने प्रवृत्ति राम्रो होइन भनी गभर्नर डा. नेपालले सुझाउनु भयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुबाट आफुले कर्जा लिँदा कार्यविधि अध्ययन गरी मात्र लिन अनुरोध गर्नु भयो । बैंक तथा वित्तीय संस्था र उद्योगी व्यवसायीबीचको सम्बन्ध राम्रो भयो भने मात्र मुलुक उभो लाग्ने कुरा बताउनु भयो । लगानीकर्ता र ऋणी पनि अनुशासित हुनु पर्ने र परियोजना राम्रो हुनु पर्ने कुरा बताउनु भयो ।

ऋणीलाई तमसुक गराउने कुरालाई लिएर प्रश्न उठिसकेका छन् । राष्ट्र बैंकले कार्यविधि पनि परिवर्तन गर्ने प्रक्रिया सुरू गरेको छ । त्यसले, भोलिका दिनमा कर्जा प्रक्रिया अझै सरल र पारदर्शी बनाउन सहयोग गर्छ भन्ने जानकारी गभर्नर डा. नेपालले दिनु भयो ।

पुराना ऋणीको व्याजदर बढाएको भन्ने विषयमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई आवश्यक सुझाव दिइसकेको कुरा जानकारी दिनु भयो ।

व्यवसाय गर्ने व्यक्ति असल, मिलानसार र शिक्षित भयो भने मात्र आफ्नो व्यवसाय राम्रो हुने कुरा सबैलाई अनुरोध गर्नुभयो ।

मुलुकभित्र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने तथा नेपालमा छिमेकी मुलुकबाट आयात भएका खाद्यान्न वस्तु मुलुकभित्रै सजिलै उत्पादन गर्न सकिने भएतापनि हामी नेपालीले त्यस्ता क्रियाकलापमा अगाडी बढ्न नसकेकोमा गभर्नर डा. नेपालले चिन्ता व्यक्त गर्नु भयो ।

**२०७३ फागुन ३, मंगलबार** | **गभर्नरको कार्यालय**